REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 02.12.2024

Training on Beekeeping

वाणिज्य एवं उद्योग विभागको Raising & Accelerating MSME Performance (RAMP) कार्यक्रमअन्तर्गत सिक्किम राज्य सहकारी संघ (सिकन)-ले मौरी पालन तथा मह प्रशोधनमाथि आयोजना गरेको प्रशिक्षण कार्यक्रम आज शुरू भयो। आसाम लिङजेस्थित सिकोनमा सम्पन्न भइरहेको पन्द्र दिन लामो प्रशिक्षण कार्यक्रममा प्रतिभागीहरूलाई मह प्रशोधन प्रविधिबारे विस्तृत रूपमा जानकारी गराउनका साथै उद्योगमा सफलता हासिल गर्नमा रहेको आवश्यक उद्यमशीलता कौशल विकसित गरिनेछ।

आफ्नो सम्बोधनमा सिकनका अध्यक्ष डाक्टर मंगलजित राईले मह प्रसोधन क्षेत्रको पर्याप्त वैश्विक मागमाथि जोड़ दिनुभयो। उहाँले प्रतिभागीहरूसित आग्रह गर्दै भन्नुभयो, प्रशिक्षणलाई प्राथमिकता दिएर गुणस्तरीय उत्पाद तयार पार्न आवश्यक सीप र ज्ञानले आफूलाई दक्ष बनाउनुपर्छ। डाक्टर राईले उत्पादको बजार व्यवस्थापन र ब्राण्डिङ रणनीतिबारे थप जानकारी दिँदै सहभागीहरूलाई यस क्षेत्रमा आफ्नो व्यवसाय स्थापित गर्नमा सहयोग प्रदान गर्ने आश्वासन दिनुभयो।

--------------------------------------X--------------------------------------

Tourism Department Award

सिक्किम राज्यलाई उत्कृष्ट उदीयमान पर्या-पर्यटन गन्तव्यमा स्वर्ण वर्गमा राखिएको छ। नयाँ दिल्लीमा तीस नोभेम्बरमा आयोजित बहुप्रतीक्षित आउटलुक ट्राभलर पुरस्कार तथा कार्निभल 2024-मा सिक्किमलाई यो पुरस्कार प्राप्त भएको हो। यस पुरस्कारसितै यात्रा र पर्यटन उद्योगमा स्थान बनाउनमा सम्बन्धित सरकारले गरेको उत्कृष्ट प्रयासलाई मान्यता र सम्मान प्राप्त भएको छ।

उत्तराखण्डका पर्यटन मन्त्री श्री सत्पालजी महाराजको बाहुलीद्वारा प्रदान गरिएको पुरस्कार सिक्किमको तर्फबाट OSD श्री N श्रीधर राव र पर्यटन विभागकी सहायक PRO सुश्री पेडेन भोटियाले ग्रहण गर्नुभयो। पर्यटन विभागले यो माइलखुट्टी प्राप्त गर्नका निम्ति मार्गदर्शन प्रदान गर्नुहुने मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ, पर्यटन मन्त्री श्री TT भोटिया र मुख्य सचिव श्री विजय भूषण पाठक प्रति कृतज्ञता व्यक्त गरेको छ।

--------------------------------------X------------------------------------

Hornbill Festival

हर्नबिल उत्सवको एक भागको रूपमा साझेदार देश र राज्यहरूलाई लिएर आज आयोजित विशेष चर्चा नागाल्याण्डको किसामा हेरिटेज गाउँस्थित बेम्बो हलमा सम्पन्न भयो।

नागाल्याण्डका मुख्यमन्त्रीका सल्लाहकार श्री अबु मेथाको अध्यक्षतामा बसेको चर्चामा सिक्किम राज्यलाई प्रतिनिधित्व गर्दै सूचना एवं जनसम्पर्क विभागकी सचिव श्रीमती अन्नापूर्ण आले र मुख्यमन्त्रीका प्रेस सचिव श्री योगेन तामाङले सहभागिता जनाउनुभयो।

श्री मेथाले चर्चाको शुरूमा सबैलाई हर्नबिल उत्सवमा स्वागत जनाउँदै यो केवल समारोह मात्र होइन भन्ने कुरामाथि जोड़ दिनुभयो।

श्रीमती अन्नापूर्ण आलेले यस उत्सवमा सिक्किमलाई साझेदार राज्यको रूपमा चयन गरिनु एउटा सम्मान हो भन्दै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ अनि सिक्किमवासीको तर्फबाट नागाल्याण्ड सरकारप्रति कृतज्ञता व्यक्त गर्नुभयो।

श्रीमती आलेले सिक्किम सरकारको तर्फबाट आगामी २०२५-मा राज्य गठनको पचास वर्षगाँठको अवसरमा पालन गरिने समारोहमा नागाल्याण्ड सरकार, उपस्थित अतिथिगण र नागरिकहरूलाई उपस्थिति जनाउने निम्तो दिनुभयो।

---------------------------------------X---------------------------------------

Fish Import Inspection Point Inauguration

कृषि एवं मत्स्यपालन विभाग मन्त्री श्री पुरण कुमार गुरूङले आज रम्फूस्थित पुरानो रम्फू चेक पोस्ट र अटल सेतु पुलमा माछा आयात निरीक्षण पोइन्टको उदघाटन गर्नुभयो।

यो घटना व्यापार प्रक्रियालाई सुव्यवस्थित बनाउन र मत्स्य पालन क्षेत्रमा समर्थन बढ़ाउने प्रयासमा एउटा महत्त्वपूर्ण माइलखुट्टी हो।

श्री गुरूङले आयात प्रक्रियाको दक्षता बढ़ाउन, गुणस्तरीयता सुनिश्चित गर्न र स्वतन्त्र व्यापार प्रथालाई प्राथमिकता दिनमा रहेको यसको महत्त्वमाथि प्रकाश पार्नुभयो।

---------------------------------------X---------------------------------------

Mangan Tourist

लामो समयपछि मंगन जिल्लामा एक दिसम्बरबाट पर्यटकहरूको प्रवेश खुल्ला गरिएपछि केवल दुई दिनमा यस जिल्लामा घुमम्न आउने पर्यटकहरूको संख्या लगभग आठ सय पुगेको छ। यस जिल्लाका प्रसिद्ध पर्यटन स्थलहरू लाचेन, लाचुङ, युमथाङ उपत्यका र गुरूदोङमारमा छिमेकी राष्ट्र बंलादेशसहित अन्य स्थानका पर्यटकहरू आउन थालेका छन्।

यो जिल्ला पर्यटकहरूको निम्ति खोलिएको पहिलो दिन बाइकसहित कुल एक सय बाइसवटा वाहनहरू उत्तर सिक्किममा प्रवेश भए। लगभग तेह्र महिना बन्दपछि गत उन्तीस नोभेम्बरमा खोलिएको टुङ नागा सड़क मार्ग भएर पर्यटकहरू आफ्नो गन्तव्यमा पुगे।

---------------------------------------X---------------------------------------

Sports

सिक्किमको एघार वर्ष आयुवर्ग मुनिको ब्याडमिन्टन टोलीले आगामी चारदेखि सात दिसम्बरसम्म महाराष्ट्रको थानेमा सम्पन्न हुने Mini Nationals प्रतियोगितामा सहभागिता जनाउने छ। सिक्किम ब्याडमिन्टन संगठनकाअनुसार यस आयुवर्गका ठिका र ठिटिको टोलीले सहभागिता जनाउन गइरहेको प्रतियोगिताको आयोजना भारतीय ब्याडमिन्टन संगठनले गरिरहेछ।

प्रमुख प्रशिक्षक श्री समिर गुरूङले नेतृत्व गर्नुहुने टोलीमा सिक्किमका दुईजना प्रतिभाशाली युवा खेलाड़ीहरू अवनेश छेत्री र सुरवि गुरुङ रहेका छन्।

प्रशिक्षक श्री गुरूङको मार्गदर्शनमा कड़ा प्रशिक्षण लिइरहेका खेलाड़ीहरू देशभरिका सर्वश्रेष्ठ प्रतिभाहरूसित प्रतिस्पर्धा गर्नका निम्ति पूर्ण रूपले तयार छन्।

संगठनका महासचिवले युवा खेलाड़ीहरू र खेलप्रति उनीहरूको समर्पणका निम्ति आफूहरूलाई गर्व छ भन्दै टोलीप्रति विश्वास व्यक्त गर्नुभएको छ। युवाहरूलाई आफ्नो प्रतिभाको प्रदर्शन गर्नका निम्ति यो एउटा सही अवसर रहेको बताउँदै उहाँले खेलाड़ीहरूले सिक्किमलाई गर्वान्वित तुल्याउनेछन् भन्ने कुरामा विश्वास व्यक्त गर्नुभएको छ।

---------------------------------------X---------------------------------------